# पूर्वाञ्चलको इतिहास लेखन : समस्या र समाधान

***गोविन्द मान सिंह कार्की****

**सारांश**

*नेपालको इतिहास लेखनमा सर्वप्रथम अङ्ग्रेजहरूले कलम चलाएको पाइन्छ । तर विगतका पछिल्ला वर्षहरूमा नेपालका विद्वान तथा शोधकर्ताहरूले राजधनी काठमाडौँबाट वाहिर गएर मेचीदेखि महाकालीसम्म सबैतिरका राजनैतिक, सामाजिक, आर्थिक, प्रशासनिक, सास्कृतिक, धार्मिक आदि विषयसँग सम्वन्धित विषयहरूमा खोज र अनुसन्धान गर्ने परम्पराको थालनी भएको छ । यसै सन्दर्भमा नेपालको पश्चिम र पूर्वी क्षेत्रको इतिहास क्रमशः उजागर हुँदैछ । तर तुलानात्मक रूपमा पश्चिमाञ्चल क्षेत्रको अनुपातमा पूर्वाञ्चल क्षेत्रको इतिहास लेखनमा ठोस उपलब्धि हात लाग्नसकेको छैन । वास्तवमा क्षेत्रीय इतिहास नआइकन राष्ट्रिय इतिहास पूर्ण हुँदैन । यसै सन्दर्भमा विभिन्न विषयमा विभिन्न विद्वानहरूले पूर्वाञ्चल क्षेत्रलाई केन्द्रविन्दु वनाएर इतिहास लेखिरहेका छन् । तथापि शोधकार्य हुनुपर्ने विषयहरू धेरै छन्, जसमा आजसम्म विद्वानहरूको ध्यान गएको छैन । यस  लेखमा पूर्वाञ्चलमा हालसम्म भएका शोधकार्य, हुनुपर्ने काम, शोधकार्यमा रहेका समस्या र तिनीहरूको निराकरण जस्ता विषयमा केन्द्रित रहेर चर्चा गरिएको छ ।*

**विषय प्रवेश**

नेपालको इतिहास लेख्न थालिएको त्यति लामो समय भएको छैन । सर्वप्रथम बहादुर शाहको पालामा छोटो भ्रमणमा आएका अङ्ग्रेज विलियम कर्कपेट्रिकले 'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल' शीर्षकको पुस्तक लेखेका थिए । सन् १८११ मा लेखिएको यो पुस्तकमा नेपालको भूगोल, अर्थतन्त्र, राजनीति आदि विषयहरूलाई राम्रोसँग प्रस्तुत गरिएको पाइन्छ । यसपछि सन् १८०२ मा गीर्वाणयुद्ध विक्रमको पालामा नक्स मिसनसँग काठमाडौँ आएका फ्रान्सिस बुकानन हेमिल्टनले चौध महिनाको आफ्नो बसाइको अवधिमा बटुलेको सामग्रीको आधारमा एउटा पुस्तक लेखी सन् १८१९ मा प्रकाशित गराए । 'एन  एकाउन्ट अफ द किङ्गडम अफ नेपाल' शीर्षकमा छापिएको यो पुस्तकमा केन्द्रको अतिरिक्त वाइसी, चौबीसी तथा पूर्वाञ्चल क्षेत्रको तराई र सेन राज्यहरूको विषयमा महत्त्वपूर्ण जानकारी दिइएको छ । यसरी अङ्ग्रेजहरूबाट लेख्न सुरु गरिएको नेपालको इतिहास पछिल्लो एकसय वर्षसम्म पनि काठमाडौँ राजदूतबाससँग सम्बन्धित अङ्ग्रेज कर्मचारी र बेलावखत नेपाल भ्रमण गर्ने अङ्ग्रेज र फ्रेन्च विद्वानहरूको हातबाट लेखियो । यसपछि पनि अङ्ग्रेजहरूद्वारा नेपालको इतिहास लेख्ने क्रम जारी रह्यो । तर सन् १९५१ वा वि.सं. २००७ सालको क्रान्ति पछि भने नेपालीद्वारा नेपालको इतिहास अध्ययन-अनुसन्धान गर्ने र पुस्तक प्रकाशन गर्ने परम्पराको थालनी भएको देखिन्छ । सुरु-सुरुमा काठमाडौँलाई मात्र केन्द्र बनाएर इतिहास लेख्ने परम्परा रहेकोमा हाल आएर

---

* सहप्राध्यापक डा. कार्की त्रि-चन्द्र बहुमुखी क्याम्पस, त्रि.वि., घण्टाघरमा कार्यरत हुनुहुन्छ ।

क्षेत्रीय स्तरमा पनि इतिहास लेख्ने परिपाटी सुरु भएको छ । यस सन्दर्भमा पूर्वाञ्चल क्षेत्रको इतिहास लेखनमा केही सफलता प्राप्त भएको पाइन्छ ।

**क्षेत्रीय इतिहासको महत्त्व**

यथार्थमा राष्ट्र क्षेत्रहरूको व्यवस्थित संगठन हो । यसैले सिङ्गो राष्ट्रको इतिहास निर्माणमा त्यस राष्ट्रभित्रको प्रत्येक क्षेत्रले अहम भूमिका निभाएको हुन्छ । त्यसैले राष्ट्रिय इतिहासलाई सिङ्गो मानव शरीरको रूपमा हेरिनुपर्छ र प्रत्येक क्षेत्रको इतिहासलाई समान महत्त्व दिनुपर्छ अन्यथा त्यो इतिहास अपाङ्ग बन्न जान्छ । नेपालको इतिहासको सन्दर्भमा कुरा गर्दा नेपाल राज्यको अस्तित्व र यसको विखण्डन प्रक्रियालाई नबुझी पृथ्वीनारायण शाहद्वारा भएको एकीकरण अभियानलाई बुझ्न सकिँदैन । पृथ्वीनारायण शाह स्वयं नेपालको पश्चिम क्षेत्रको सानो राज्य गोरखाको राजा भएकोले तत्कालीन विखण्डित नेपालको सबै क्षेत्रको अवस्थालाई नबुझी व्याख्या-विश्लेषण गर्न सकिँदैन । यसैगरी नेपालका विविध क्षेत्रहरूको धार्मिक, सामाजिक, साँस्कृतिक र आर्थिक परिवेशलाई नियालेर यिनीहरूको विविधतालाई बुझेर मात्र यी विषयहरूमा राष्ट्रिय इतिहास लेख्न सकिन्छ । उदाहरणको लागि नेपालको अर्थव्यवस्थासम्बन्धी इतिहास लेख्न सबै क्षेत्रमा प्रचलित आर्थिक व्यवस्थालाई पनि त्यत्तिकै महत्त्वका साथ हेर्नुपछ (जस्तै पूर्वाञ्चल क्षेत्रको खम्बुवान, लिम्बूवान क्षेत्रमा प्रचलित किपट प्रथा) । यसैगरी वि.स २००७ सालको क्रान्तिको चर्चा गर्दा क्रान्तिमा प्रमुख भूमिका निभाएर राणा शासकहरूलाई घुँडा टेकाउन वाध्य पार्ने भोजपुरको नेतृत्वमा भएको राजधानीपूर्वको सिङ्गो विजय अभियानको विषयमा पछिल्ला केही वर्षसम्म पनि चर्चा नहुनुबाट क्षेत्रीय इतिहास विनाको राष्ट्रिय इतिहास कस्तो हुन्छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

कुनै पनि ठाउँ या क्षेत्रको ऐतिहासिक घटना बुझ्न वा सो ठाउँ वा क्षेत्रको विषयमा लेख्दा अर्को ठाउँ वा क्षेत्रको परिवेशलाई राम्ररी बुझ्न जरुरी हुन्छ । किनभने कुनै एक ठाउँको घटना वा विषयले अर्को ठाउँ वा क्षेत्रका घटना वा विषयलाई सकारात्मक वा नकारात्मक रूपमा प्रभावित गरिरहेको हुन्छ । वास्तवमा क्षेत्रीय इतिहासको मजबुत जगमा राष्ट्रिय इतिहासको निर्माण हुन्छ । राष्ट्रको इतिहास लेख्दा कुनै क्षेत्रले समुचित स्थान नपाउँदा त्यसले सिङ्गो राष्ट्रियता माथि नै नकारात्मक प्रभाव पर्न जान्छ । यसरी राष्ट्रिय इतिहासको विषयवस्तु बन्न नसकेका ठाउँका निबासीहरूको स्वाभिमानमा यसले ठेस पुऱ्याउँछ  र अन्तोगत्वा यसबाट निराशा उत्पन्न भई नकारात्मक भावना फैलिन्छ ।

राष्ट्रिय स्तरका घटनाहरूलाई एउटै पुस्तकमा समेट्ने प्रयास गरियो भने त्यो समय, अर्थ, विषय र क्षमताभन्दा बाहिरको कुरा हुन्छ । एउटा व्यक्तिले एउटै पुस्तकमा सारा कुरा अटाउन सकिँदैन । यदि यस्तो प्रयास गरियो भने त्यसमा महत्त्वपूर्ण कुरा नपर्ने पक्का हुन्छ । यसैले धैरै व्यक्तिबाट क्षेत्रीय वा जिल्ला स्तरमा भएका अनुसन्धानबाट मात्र यथार्थ पत्ता लगाउन सकिन्छ ।

**पूर्वाञ्चल क्षेत्रको इतिहास लेखन**

क्षेत्रीय इतिहास लेखनको अवस्थालाई हेर्दा पूर्वाञ्चल क्षेत्र वामेसर्ने अवस्थामा रहेको प्रतीत हुन्छ । पश्चिमाञ्चल क्षेत्रमा आजसम्म जेजति पुस्तकहरू प्रकाशित भैसकेका छन् पूर्वाञ्चलमा त्यसको अनुपातमा धेरै न्यून रूपमा अनुसन्धान र पुस्तक प्रकाशन

भएको देखिन्छ । पूर्वाञ्चल क्षेत्रमा हालसम्म विभिन्न विषयमा प्रकाशित पुस्तक र शोधकार्यहरू यस प्रकार रहेको छन् :

**सामाजिक इतिहास**

पूर्वाञ्चल क्षेत्रको सामाजिक इतिहासको कुरा गर्दा सर्वप्रथम मानव बसोबास कहिलेबाट सुरु भयो भन्ने प्रश्न उठ्नु स्वाभाविक नै दखिन्छ । यस क्षेत्रमा मानव बसोबासको समय यकिन साथ निश्चित गर्न नसकिए तापनि डा. रमेश ढुङ्गेलले वि.सं. २०५७ सालमा सिनासमा वितरित प्रेस विज्ञप्ति र २०५७/३/१७ को कान्तिपुरको 'सँखुबासभामा घुमन्ते आदिमानवका प्राग्ऐतिहासिक हतियार' शीर्षकको लेखमा अरुण उपत्यकाको हटियामा सूक्ष्म पाषाणकालीन हतियार पाइएको र तिनीहरू सात हजार वर्ष पुरानो भएको अनुमान गरेका छन् ।

यसैगरी वि.सं. २०४० सालमा पूर्व न्यायाधीश चन्द्रजङ्ग थापाले झापाको बैजनाथपुर गा.वि.स. मा पर्ने क्षेत्रबाट प्राप्त भएको नवपाषाण युगीन ढुङ्गाको बन्चरो श्री ५ को सरकार पुरातत्व विभागलाई सुम्पिएका थिए । त्यसको लम्बाइ ८.२ से.मि. र चौडाइ ६.७ से.मि. रहेको छ । पुरातत्वविद्हरूले यसलाई १० हजार देखि ६ हजार वर्ष बीचको मानेका छन् (रायमाझी, २०६२ : ९८) ।

पूर्वाञ्चल क्षेत्रको इतिहासको चर्चा गर्दा इमानसिंह चेम्जोङको नाम सबैभन्दा माथि आउँछ । सन् १९६१ म सर्वप्रथम उनको पहिलो पुस्तक 'किरात मुन्धुम ' प्रकाशित भएको थियो । यसमा मुन्धुम के हो ? र यसको आधारमा किराती समाज कसरी चलिरहेको छ ? भन्ने विषयमा उल्लेख पाइन्छ । चेम्जोङको दोस्रो पुस्तक सन् १९६७ मा फिदिमबाट प्रकाशित भएको थियो । यो पुस्तकको शीर्षक 'हिस्ट्री एन्ड कल्चर अफ किरात पिपुल' भन्ने थियो । यस पुस्तकमा किरातहरूको नेपाल प्रवेश, उनीहरूले नेपालमा गरेको शासन, लिच्छविहरूद्वारा उनीहरूलाई सत्ताबाट हटाइएको अवस्था, किरातको संस्कृति, र विवाह कानुनको विषयमा चर्चा पाइन्छ । पुस्तकको दोस्रो परिच्छेदमा 'नेपालमा लिम्बूहरूको आगमन' कसरी भयो भन्ने विषयमा उल्लेख छ (चेम्जोङ १९६६, ५३-५९) चेम्जोङले सन् १९८२ मा गान्तोकबाट 'किरात इतिहास' छपाएका थिए ।

सन् १९७२ मा डोरबहादुर विष्टले नेपालका सबै जातिको बारेमा जानकारी दिने गरी 'पिपल अफ नेपाल' शीर्षकको पुस्तक प्रकाशित गरेका थिए । रत्न पुस्तक भण्डारबाट प्रकाशित यस पुस्तकमा पूर्वाञ्चल क्षेत्रका जातिहरूको विषयमा बृहद् चर्चा पाइन्छ ।

सन् १९७६ मा काठमाडौँबाट प्रकाशित भएको पुस्तक 'हिस्ट्री एन्ड कल्चर अफ किरात पिपल्स' किरातहरूको बारेमा बुझ्नका लागि अति उपयोगी पुस्तक मानिन्छ । यसमा किरात जातिको उत्पति र विकासको बारेमा चर्चा गरिएको छ । यस पुस्तकका लेखक के.सी. चौधरी हुन् ।

सन् १९७२ मा चार्ल्स र म्याकडगलले लेखेको पुस्तक 'द कुलुङे राई अ स्टडी इन किनसिप एन्ड म्यारिज एक्सचेन्ज' शीर्षकको पुस्तक प्रकाशित भएको थियो । राई बसोबास क्षेत्रको उत्तरपूर्वी भाग दूधकोशीदेखि संखुबासभा नदीको बीचमा बसोबास गर्ने (म्याकडगल, १९७९ :१७) कुलुङे राईको विषयमा लेखिएको यो सबैभन्दा राम्रो शोधग्रन्थको रूपमा रहेको छ ।

पूर्वाञ्चल क्षेत्रका जातिहरूको विषयमा लेखिएको अर्को पुस्तक शास्त्रदत्त पन्तको हो । उनले वि.सं. २०४१ सालमा 'झापाका आदिबासी' शीर्षकमा यो पुस्तक लेखेका थिए । यस पुस्तकमा झापाका आदिबासीहरू सतार, राजवंशी, धिमाल र मेचे जातिको विषयमा चर्चा गरिएको छ ।

वि.सं. २०४२ सालमा प्रकाशित भएको ऋषिराम अर्यालको पुस्तक 'माझ किरात' मा राईहरूको सामाजिक, सांस्कृतिक, भाषिक र राजनैतिक विषयमा चर्चा गरिएको छ । यस पुस्तकमा महत्त्वपूर्ण प्राथमिक स्रोतहरू समावेश गरिएको छ (अर्याल, २०४२ : ६२-६३) । पूर्वाञ्चल क्षेत्रको विषयमा लेखिएको अनुसन्धानात्मक कृतिको रूपमा रहेको छ- वि.सं. २०४२ सालमा प्रकाशित शिवकुमार श्रेष्ठद्वारा लिखित पुस्तक 'लिम्बूवानको ऐतिहासिक अध्ययन' । पुस्तकमा लेखकले किरातीहरूको ऐतिहासिक पृष्ठभूमि, लिम्बूवानको किपट प्रथा र लिम्बूहरूको जनजीवन र संस्कृति नामका शीर्षकहरूमा बृहद् चर्चा गरेका छन । पुस्तकको अन्त्यमा १० वटा परिशिष्टसहित लालमोहोर र अन्य कागजपत्रहरूको विवरण छ ।

क्षेत्रीय इतिहास लेखनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिको अर्को नाम हो- नारदमुनि थुलुङ । थुलुङले सर्वप्रथम वि.सं. २०१८ साल श्रावण २ गतेको 'गोरखापत्र' मा 'नेपाल र आदिबासी किरात' शीर्षकको लेख प्रकाशित गरेर आफ्नो विद्वत्ताको परिचय दिएका थिए । पछि वि.सं. २०४२ सालमा उनको पुस्तक 'किरातका नाली-बेली' प्रकाशित भयो । यसमा किरातहरूको उत्पति, नेपाल आगमन र उनीहरूका संस्कृतिको विषयमा ऐतिहासिक आधारमा विश्लेषण गरिएको छ ।

मातृकाप्रसाद कोइरालाद्वारा लिखित निबन्ध सङ्ग्रह 'कोशीको कथा' मा कोशी क्षेत्रको प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि अवस्थाको विषयमा चर्चा गरिएको पाइन्छ । यो पुस्तक वि.सं. २०४६ सालमा प्रतिभा पुरस्कार प्रतिष्ठानले प्रकाशित गरेको थियो । यसमा मोरङ जिल्लाको प्रशासनिक व्यवस्थाका बारेमा पनि उल्लेख छ (कोइराला, २०४६ : क-ग) ।

समाजशास्त्री हर्क गुरुङले लेखेको पुस्तक 'फेसेज अफ नेपाल' सन् १९९६ मा प्रकाशित भएको थियो । यस पुस्तकमा पनि पूर्वाञ्चल क्षेत्रका विविध जातिको विषयमा तस्वीरसहित छोटकरीमा चर्चा गरिएको छ ।

पूर्वाञ्चल क्षेत्रको मात्र नभएर सिङ्गो राष्ट्रको शैक्षिक इतिहासमा भोजपुर दिङ्लाका बालागुरु षडानन्दको प्रमुख स्थान रहेको पाइन्छ । बालागुरुले वि.सं. १९३२ मा दिङ्लामा संस्कृत पाठशाला खोली मठ-मन्दिरहरू निर्माण गराएर राणा शासकहरूको लालमोहोर आदेश जारी गर्न लगाई नेपालको शैक्षिक विकास र धार्मिक उत्थानमा गौरवपूर्ण कार्य गरेका थिए । यस विषयमा पनि केही पुस्तकहरू प्रकाशित भएका छन् । तिनीहरूमा दधिराज सुवेदीको सम्पादनमा वि.सं. २०५७ सालमा निस्किएको 'स्मृतिग्रन्थ' महत्त्वपूर्ण मानिन्छ । वि.सं. २०५१ सालमा स्वामी प्रपन्नाचार्यको 'प्राचीन किरात इतिहास' प्रकाशित भएको थियो । यसमा विभिन्न कुराका अतिरिक्त न्यायव्यवस्थाको पनि उल्लेख थियो (प्रपन्नाचार्य २०५१: ३१) । वि.स २०५३ सालमा पेशल दाहालले 'विजयपुरको सांस्कृतिक इतिहास' लेखेका थिए । विजयपुरको संस्कृतिलाई बुझ्न यो महत्त्वपूर्ण ग्रन्थ सावित भएको छ ।

पूर्वाञ्चलमा सामाजिक, सांस्कृतिक आन्दोलनको कुरागर्दा भोजपुरको मझुवाबेसीमा वि.सं. १९७३ मा विद्रोह सुरु गर्ने तपस्विनी योगमायाको नाम लिनुपर्ने हुन्छ । उनले वि.सं. १९९८ सालमा आफ्ना ६७ जना सहयोगी सहित अरुण नदीमा हामफालेर जलसमाधि लिएकी थिइन् (शर्मा, २०२० : १३७ )। यही विषयलाई केन्द्रविन्दु मानेर वि.स २०५७ सालमा 'सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमाया 'शीर्षकमा लेखहरूको संकलन भएको पुस्तक प्रकाशित भएको थियो ।

हालै मात्र बालागुरु षडानन्दको विषयमा डा.गोविन्दमानसिंह कार्कीद्वारा एउटा शोधग्रन्थ 'बालागुरु षडानन्द र उनीसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू 'शीर्षकको पुस्तक प्रकाशित भएको छ । यसमा बालागुरुको जीवनी, उनले गरेका सुधार कार्यहरू र उनीसँग सम्बन्धित राणाकालीन सामग्रीहरूलाई परिशिष्टमा राखी विस्तृत रूपमा विवेचना गरिएको छ ।

लघु अनुसन्धानतर्फ सोमप्रसाद खतिवडाले 'मोरङ्गका पुरातात्त्विक स्थलहरूको अन्वेषण 'र 'धार्मिक एवं एतिहासिक स्थल विजयपुर' नामक दुईवटा अनुसन्धान कार्य गरी सम्बन्धित विषयमा महत्त्वपूर्ण जानकारी उपलब्ध गराएका छन् । यसैगरी गणेश छेत्री र महेश दाहालले 'पूर्वी नेपालका मुसहर : एक अध्ययन' शीर्षकमा शोध तयार गरी मुसहर जातिका बारेमा विस्तृत चर्चा गरेका छन् ।

विद्यावारिधि स्तरको नेपालको इतिहास र संस्कृतिलाई प्रस्ट्याउने अर्को शोधग्रन्थ हो- 'बराहक्षेत्रको साँस्कृतिक सम्पदा' । सोमप्रसाद खतिवडाको यो शोधग्रन्थमा वाराहक्षेत्रको धार्मिक, साँस्कृतिक र एतिहासिक महत्त्वलाई विस्तृत रूपमा चर्चा गरिएको र प्राचीनकालदेखि आजसम्ममा वाराहक्षेत्रको महिमामा थप वृद्धि भइसकेकाले यो शोधकार्य निकै उपयोगी सावित भएको छ । पुस्तकको रूपमा प्रकाशित पर्याप्त प्राथमिक स्रोतको प्रयोग भएको यो शोधकार्यले सेनवंशी र पछिल्ला शासकहरूको विषयमा समेत जान्न मद्दत पुऱ्याउने देखिन्छ (खतिवडा, २०६० : १३८-१९५) ।

**राजनैतिक इतिहास**

राजनैतिक इतिहासको सन्दर्भमा सन् १९७४ मा इमानसिंह चेम्जोङले दार्जिलिङबाट 'किरातकालीन विजयपुरको इतिहास' प्रकाशित गरेका थिए । लेखकले यस पुस्तकमा सातौं सताव्दीमा किरातीहरू बीच आपसी द्वन्द्व भएको कारण किरात दुई देश हुन पुगेको चर्चा गरेका छन् (चेम्जोङ, १९७४ : ३) ।

वि.सं. २००७ सालको क्रान्तियोद्धा नारदमुनि थुलुङको अर्को पुस्तक 'विर्सेका अनुहारहरू विर्सन नसकिएका घटनाहरू' वि.सं. २०४५ सालमा प्रकाशित भएको थियो । यो वि.सं. २००७ सालमा भोजपुरको नेतृत्वमा कसरी पूर्वाञ्चल क्षेत्र मुक्तिसेनाको नियन्त्रणमा आयो भन्ने बारेमा केद्रित रहेको छ । नरेन्द्रनाथ वास्तोलाद्वारा लिखित 'पूर्वाञ्चलमा सात सालको क्रान्ति २००७' मा वि.सं. २००७ सालको क्रान्तिमा झापा, इलाम, पाँचथर लगायतका क्षेत्रहरूमा भएका घटनाहरूको विवरणको उल्लेख छ । लेखक स्वयम् वि.स २००७ सालको क्रान्तियोद्धा भएकाले यो पुस्तकलाई निकै प्रामाणिक र भरपर्दो मान्न सकिन्छ ।

वि.सं. २०५६ सालमा पूर्वाञ्चल क्षेत्रको विषयमा जानकारी दिने दुईवटा महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित भएको पाइन्छ । यसमा पहिलो पुस्तक हो- हरिकान्त लाल

दासद्वारा लिखित 'सप्तरीको राजनैतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरू' । पुस्तकको पहिलो परिच्छेदमा सप्तरीबारे जानकारी दिइएको छ भने दोस्रो परिच्छेदमा राजनैतिक इतिहासको बारेमा उल्लेख छ । सप्तरीको प्रामाणिक इतिहास, नामकरण र चौदण्डीको सेन राज्यअन्तर्गत रहँदाको अवस्थालाई विस्तृत रूपमा यस परिच्छेदमा चर्चा गरिएको छ । पुस्तकको तेस्रो परिच्छदमा सप्तरीका मन्दिरहरूको ऐतिहासिक महत्त्वलाई उजागर गर्ने काम गरिएको छ (दास, २०५६ : १४१-१५७) । पुस्तकको अन्त्यमा महत्त्वपूर्ण लालमोहोर र कागजपत्र परिशिष्टका रूपमा राखिएकोले पुस्तक माथिको विश्वसनीयतामा थप बल पुगेको छ ।

वि.सं. २०५६ सालमा प्रकाशित अर्को पुस्तकले वि.सं. २००७ सालमा क्रान्तिमा चैनपुरमा भएको गतिविधिलाई उजागर गरेको छ । '२००७ सालको जनक्रान्ति र चैनपुर' शीर्षक रहेको यो पुस्तकका लेखक भरतकुमार शाक्य हुन् । यस पुस्तकमा लेखकले भोजपुरको मुक्तिसेनाले कसरी चैनपुर कब्जा गऱ्यो, चैनपुरमा कस्तो सङ्कटकालीन सभा बन्यो (शाक्य, २०५६ : ३६), चैनपुर विजय पछि मुक्तिसेनाले अगाडि बढेर कसरी तेह्रथुम र ताप्लेजुङ्ग कब्जा गऱ्यो भन्ने विषयलाई सुन्दर रूपमा प्रस्तुत गरेका छन् । पुस्तकको अन्त्यमा क्रान्तिकालीन कागजपत्रहरूको विवरण समावेश गरिएको छ ।

नेपालको बामपन्थी आन्दोलनको इतिहासमा पूर्वाञ्चल क्षेत्रले आफ्नै विशिष्टता कायम गरेको छ । यसै सन्दर्भमा वि.सं. २०३६ साल कार्तिकमा धनकुटाको छिन्ताङमा नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी लेनिनवादीको नेतृत्वमा ठूलो विद्रोह भएको थियो । यो विद्रोहलाई दबाउन तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको नेतृत्वमा रहेको सरकारले व्यापक प्रहरी कारवाही गरेको थियो (भट्टराई, २०६२ : ५८) । 'धनकुटा छिन्ताङको इतिहास' शीर्षक रहेको पुस्तकमा लेखक गोपालवहादुर भट्टराईले घटनासँग सम्बन्धित व्यक्ति, तत्कालीन कारवाहीमा संलग्न प्रहरी, सहिद परिवार आदिसँग अर्न्तरवार्ता लिएर घटनाको सत्यतथ्यसम्म पुग्ने प्रयास गरेको पाइन्छ । पुस्तकको अन्त्यमा सहिद र सहिद परिवारको तस्वीर राखिएको छ ।

भानुभक्त सिटौलाद्वारा लिखित 'नेपालको प्रजातान्त्रिक सन्दर्भभित्रको तेह्रथुम जिल्लाको इतिहास' वि.सं. २००७ सालको क्रान्तिको सन्दर्भमा तेह्रथुमलाई केन्द्रविन्दु मानेर लेखिएको अर्को महत्त्वपूर्ण पुस्तक हो । लेखकले मुक्ति सेनाद्वारा तेह्रथुम कसरी कब्जा भयो, राणा प्रशासकहरूको निर्देशनमा तेह्रथुम बजार कसरी लुटियो आदि जस्ता विषयमा यस पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

वि.सं. २००७ सालको क्रान्तिको सन्दर्भमा छापिएको ध्रुवदेव राईको सम्पादनमा प्रकाशित अर्को पुस्तक हो- '२००७ सालमा भोजपुर' । नारदमुनि स्मृति परिषद्ले वि.सं. २०६४ सालमा प्रकाशित गरेको यो पुस्तकको पहिलो खण्डमा भोजपुर कब्जा भएको सन्दर्भको चर्चा छ । दोस्रो खण्डमा भोजपुर कब्जा भएपछि गठन गरिएको सामयिक सरकारले जारी गरेको नियम आदेशको विवरण छ (राई, २०६४ : ४८-६१) । तेस्रो खण्डमा चिठीपत्र र बरबुझारथ भरपाईहरूको लामो सूची रहेको छ । पुस्तकमा क्रान्तिमा लड्ने योद्धाहरूको तस्वीर र कागजपत्रहरू समावेश गरिएको छ ।

पूर्वाञ्चल क्षेत्रको सन्दर्भलाई समेटेर वि.सं. २००७ सालको क्रान्तिको विषयमा विद्यावारिधि तहको शोधकार्य गोविन्दमानसिंह कार्कीबाट भएको छ । 'वि.सं. २००७ सालको जनक्रान्तिमा भोजपुर 'शीर्षक रहेको यो शोधग्रन्थमा भोजपुरको मुक्तिसेनाले

ताप्लेजुङ्गदेखि दोलखासम्म गरेको कब्जा र त्यसबाट उत्पन्न परिस्थितिबाट राणा शासनको पतन हुनमा कसरी मद्दत पुग्यो भन्नेबारेमा विस्तृत रूपमा समीक्षा गरिएको छ । वि.सं. २००७ सालको क्रान्तिको विषयमा राजधानी र पश्चिम नेपालको मात्र भूमिकालाई जोड दिने गरिएकोमा यो शोधकार्यले पूर्वाञ्चलको अभियानलाई उजागर गरी योद्धाहरूको सम्मान गरेको छ । प्राप्त प्राथमिक स्रोत र योद्धाहरूको तस्वीर समावेश गरिएको (कार्की, २०६५ : २५४-२७६) यो शोधग्रन्थ पुस्तकको रूपमा सार्वजनिक भइसकेको छ ।

'नेपालको वामपन्थी आन्दोलन' शीर्षकमा राजकुमार प्रोखेलबाट विद्यावारिधिको लागि शोधकार्य भएको छ । यो शोधग्रन्थमा पूर्वको झापा र अन्य ठाउँमा भएको वामपन्थी आन्दोलनको विषयमा चर्चा गरिएको छ ।

भूटानी शरणार्थी समस्याको विषयमा अनिल पोखेलले 'नेपालमा भूटानी शरणार्थीहरू (कारण, वर्तमान अवस्था र फिर्तीका सवाल)' शीर्षक राखी विद्यावारिधिको शोधकार्य गरेका छन् । शरणार्थी समस्या नेपाल र भुटान दुई देशबीचको सम्बन्धसँग जोडिएको विषय भए पनि शरणार्थीहरूलाई मोरङ र झापामा राखिएकाले भुटानी शरणार्थी समस्याले पूर्वाञ्चलमा पारेको प्रभावलाई यो अनुसन्धानले राम्रोसँग विश्लेषण गरिएको छ ।

माथि उल्लिखित पुस्तकहरू वाहेक राष्ट्रिय सन्दर्भमा लेखिएका पुस्तकहरूमा पनि पूर्वाञ्चल क्षेत्रको चर्चा पाइन्छ । वि.सं. २०२२ सालमा प्रकाशित 'नेपालको संक्षिप्त बृतान्त' नामक बाबुराम आचार्यद्वारा लिखित पुस्तकमा पूर्वी नेपालको सेन राज्यको विषयमा चर्चा गरिएको छ । यसै गरी डिल्लीरमण रेग्मीको 'मोडर्न नेपाल' भाग १ मा पूर्वको चौदण्डी र विजयपुर राज्यको विषयमा पर्याप्त जानकारी दिइएको छ (रेग्मी, १९६१ : ७५-८७) । ज्ञानमणि नेपालद्वारा लिखित वि.सं. २०५० सालमा प्रकाशित भएको पुस्तक 'नेपालको महाभारत' मा माझकिरातको चर्चा पाइन्छ । उनको अर्को पुस्तक 'नेपाल निरूपण' मा पनि माझकिरातका बारेमा उल्लेख छ । उनको तेस्रो पुस्तक 'नेपाल निरुक्त' मा कोशी र विजयपुरको राज्यका विषयमा चर्चा पाइन्छ । यही पुस्तकमा भोजपुर दिङ्लाका आबालब्रह्मचारी षडानन्द अधिकारीको विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ (नेपाल, २०४० : ४०६-४१३) । शीर्षकमा उल्लेखित विषयमा समालोचनात्मक विवरण दिइएको छ । नेपालले आफ्ना सबै पुस्तकहरूमा उल्लेख्य मात्रामा पूर्वाञ्चल क्षेत्रको इतिहासलाई उजागर गर्ने कागजपत्रहरू समेत समावेश गरिएको पाइन्छ ।

विजयपुरका बारेमा जानकारी दिने लघुशोधग्रन्थ हरिकृष्ण शाक्य र राजेश्वर निरौलाले संयुक्त रूपमा तयार पारेका थिए । यसको शीर्षक 'विजयपुर राज्यको इतिहास' रहेको छ ।

### आर्थिक इतिहास

आर्थिक इतिहासको चर्चा गर्दा अङ्ग्रेज लेखक हेमिल्टनले 'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल' नामक पुस्तक लेखी पूर्वाञ्चल क्षेत्रको कृषि, पशुपालन र नेपाल-तिब्बत व्यापारको विषयमा जानकारी दिएका छन् । यसैगरी महेशचन्द्र रेग्मीले 'अ स्टडी इन नेपाली इकोनोमिक हिस्ट्री', 'ल्यान्ड ओनरसिप इन नेपाल', 'ल्यान्ड टेनर एन्ड ट्याक्सेसन इन नेपाल' नामक पुस्तकहरू लेखी पूर्वाञ्चल क्षेत्रका आर्थिक अवस्था र किपट प्रथाको विषयमा विस्तृत चर्चा गरेका छन् । यसैगरी कृष्णबहादुर थापा, पार्थिवेश्वर

निमिल्सिना र मदनकुमार दाहालले संयुक्त रूपमा लेखेको पुस्तक 'आधुनिक नेपालको आर्थिक इतिहास' मा पूर्वाञ्चल क्षेत्रको अर्थतन्त्र र भूमि व्यवस्थालाई ऐतिहासिक आधारमा समीक्षा गरिएको छ ।

पूर्वाञ्चल क्षेत्रमा कार्यरत त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले पूर्वाञ्चल क्षेत्रका विविध विषयलाई समेटेर अनुसन्धान कार्य गरेका छन् । यी अनुसन्धानहरूमा अनुसन्धानात्मक लेख, लघु अनुसन्धान र विद्यावारिधि स्तरसम्मका रहेका छन् । विद्यावारिधि स्तरमा गरिएका शोधकार्यहरूमा नारायण संग्रौलाको 'पल्लो किरातमा किपट प्रथा' मा किपटको सुरुवात र त्यसको समाप्तिसम्मका घटनाहरूलाई मौलिक स्रोतहरूको प्रयोगबाट प्रमाणिक बनाई प्रस्तुत गरिएको छ ।

**पूर्वाञ्चल क्षेत्रको इतिहास लेखनमा समस्या**

पूर्वाञ्चल क्षेत्रको इतिहास लेखनमा थुप्रै समस्याहरू छन् । खासगरी काठमाडौँ उपत्यकालाई नै सिङ्गो नेपालको प्रतिविम्ब ठान्ने चलनले यसमा ठूलो अवरोध उत्पन्न गरेको छ । देशका नाम चलेका इतिहासकारहरू काठमाडौँ उपत्यका छाडेर बाहिर जान चाहँदैनन् । काठमाडौँमा अनुसन्धानका लागि आवश्यक सामग्री, अर्थ र अन्य चिजको व्यवस्था सजिलोसँग हुने भएकाले पनि यो स्थिति आएको हो । तर क्षेत्रीय इतिहास लेख्न चाहने व्यक्तिका लागि उपत्यका बाहिर यी कुनै पनि कुराको न्युनतम सुविधा पनि छैन । अनुसन्धानका लागि क्षेत्रीय स्थलमा ठूला पुस्तकालयहरू हुन जरुरी छ । पूर्वाञ्चल क्षेत्रकै सबैभन्दा ठूलो पुस्तकालयको रूपमा रहेको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको पुस्तकालय पनि शोधकर्ताको आवश्यकता पूरा गर्ने अवस्थामा छैन ।

पूर्वाञ्चल क्षेत्रका विद्वानहरू पनि क्रमशः राजधानी केन्द्रित हुने क्रम बढ्दो छ । त्यसैले उनीहरूको ध्यान क्षेत्रीय स्तरको विषयबाट मोडिने अवस्था रहेको छ । अर्को कुरा राजधानीमा रहेर शोध गर्ने विद्वानहरूबाट क्षेत्रीय स्तरमा शोध गर्न खोज्ने शोधकर्ताहरूलाई उत्प्रेरणा दिने कार्य हुन सकिरहेको छैन । राजधानीमा शोधकार्य गर्नेहरूका लागि शोधकार्यको प्रकाशनमा कुनै समस्या छैन । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, साझा प्रकाशन आदि संस्थाहरूबाट पुस्तकहरू प्रकाशन भइरहेको छ । तर यी सुविधाहरूबाट पूर्वाञ्चलका शोधकर्ताहरू धेरै हदसम्म वञ्चित छन् । पूर्वाञ्चल क्षेत्रको इतिहासको बारेमा ज्ञानमणि नेपाल र अन्य इतिहासकारहरू डिल्लीरमण रेग्मी र बाबुराम आचार्यका पुस्तकहरूमा पनि केही वर्णन पाइन्छ तर यी विद्वानहरूको पुस्तकमा पूर्वको सेन राज्य र हतुवागढीको विषयमा त्यति प्रकाश पारिएको पाइँदैन ।

पूर्वाञ्चल क्षेत्रको इतिहास लेखनमा केही विद्वानहरू लागेको अवस्था छ तर खासगरी राजनीतिक विषयमा लेखिएका इतिहासका पुस्तकहरूमा लेखकको व्यक्तिगत राजनीतिक सिद्धान्त र विचारले बढी महत्त्व पाएको देखिन्छ । यसले घटनाको वस्तुतथ्य सार्वजनिक हुनुको साटो विवाद र अन्योल जन्मने अवस्था रहन्छ । पूर्वाञ्चल क्षेत्रका कतिपय ऐतिहासिक स्थलहरू आज पनि यातायातको सुविधाबाट वञ्चित छन् । यसरी विकट भौगोलिक परिस्थितिका कारण पनि शोधकर्ता ऐतिहासिक अनुसन्धानको लागि निरुत्साहित हुने अवस्था रहेको छ ।

**पूर्वाञ्चलमा खोज र अनुसन्धानको लागि सुझावहरू**

पूर्वाञ्चल क्षेत्रमा धेरै ऐतिहासिक महत्त्वका विषयहरू भएर पनि यी विषयहरूका बारेका पर्याप्त शोधकार्य हुन सकिरहेको छैन । त्यसैले पूर्वाञ्चल क्षेत्रको विषयमा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक लगायत विविध ऐतिहासिक विषयहरूका बारेमा जिल्ला र क्षेत्रीय रूपमा समेत अनुसन्धान गरिनु आवश्यक देखिन्छ । केही महत्त्वपूर्ण सुझावहरूको रूपमा निम्न बुँदाहरूलाई प्रस्तुत गर्नु प्रासंगिक देखिन्छ :

(१) पुरातात्त्विक स्थलहरूको अनुसन्धान : मोरङ जिल्लास्थित इसापूर्व दोस्रो शताब्दीको मानिएको विराटराजाको दरबार रहेको भेडियारीको विषयमा हालसम्म कुनै ग्रन्थ प्रकाशित भएको छैन । वि.सं. २०२५ सालमा पुरातत्त्वका तत्कालीन निर्देशक तारानन्द मिश्रको नेतृत्वमा यस क्षेत्रमा उत्खनन कार्य भए । पछि पनि यस क्षेत्रको संरक्षण र विकासमा कुनै काम हुनसकेको छैन । मिश्रले आफ्नो उत्खनन कार्यको समयमा ईंटा र मुद्राहरू प्राप्त गरेकोले सो क्षेत्र इसापूर्व दोस्रो शताब्दीबाट शहरोन्मुख संस्कृतिमा परिणत भएको अनुमान गरेका छन् (मिश्र, २०५४ : ३८) । यसैगरी झापा जिल्ला स्थित पुरातात्त्विक महत्त्वको स्थल कीच्चकबधको विषयमा कुनै अनुसन्धान कार्य भएको छैन । केही समय अगाडि पुरातत्त्व विभागले यस ठाउँमा उत्खनन कार्य सुरु गरेको छ । यस बाहेक चौदण्डीको सेन राज्यको स्थानीय प्रशासनिक इकाईको रूपमा रहेको भोजपुर जिल्लामा पर्ने हतुवाको दरबार क्षेत्रको भग्नावशेषको विषयमा कुनै शोध हुन सकेको छैन । त्यसैले यी सबै पुरातात्त्विक महत्त्वका स्थलहरूको उत्खनन, संरक्षण र विकास हुनु जरुरी देखिन्छ र यी विषयहरूमा पर्याप्त शोधकार्य गरी जनसमक्ष पुस्तकहरू आउनु जरुरी देखिन्छ ।

(२) नेपालको एकीकरण र त्यसपछिको राजनीतिक अवस्थाको बारेमा शोधकार्य हुनु पर्ने :

- (क) चौदण्डी र विजयपुर राज्यको विषयमा हालसम्म कुनै उल्लेखनीय शोधकार्य हुनसकेको छैन । त्यसैले यस विषयमा शोधकर्ताको ध्यान जान जरुरी छ ।
- (ख) पृथ्वीनारायण शाहको एकीकरण पछाडि वि.सं. २००७ सम्मको पूर्वाञ्चलको राजनीतिक अवस्थाका बारेमा शोधकार्य हुनु जरुरी छ ।
- (ग) वि.सं. २००७ सालको क्रान्तिमा पूर्वाञ्चलका जिल्लाहरूमा सुरु भएको आन्दोलन र त्यसले राणाहरूको पतनका लागि तयार पारेको वातावरणको विषयमा खोजी गरी प्रकाशन हुनु जरुरी छ ।
- (घ) वि.सं. २००७ साल देखि वि.सं. २०४६ सालको आन्दोलनसम्मका घटनाहरूलाई जिल्लागत र क्षेत्रगत रूपमा टुक्र्याएर वा सिंगो रूपमा शोध गरिनु आवश्यक देखिन्छ ।
- (ङ) वि.सं. २०१७ सालपछि पूर्वाञ्चल क्षेत्रमा नेपाली कांग्रेसको नेतृत्वमा भएका महत्त्वपूर्ण संघर्षका घटनाहरू, जस्तै : विराटनगर विमान अपहरण काण्ड (२०३०), विराटनगर बमकाण्ड (२०३०) र टिम्बुरबोटे काण्ड (२०३१) जस्ता विषयहरूमा अध्ययन अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गरिनु पर्दछ ।

(च) पूर्वाञ्चलमा वामपन्थीहरूद्वारा चलाइएको झापा आन्दोलन (२०२८) र धनकुटाको छिन्ताङ काण्ड (२०३६) को विषयमा शोधकार्यको आवश्यकता देखिन्छ ।

(छ) वि.सं. २०४६ सालको आन्दोलनमा पूर्वाञ्चल क्षेत्रले अग्रगामी भूमिका खेलेको कुरालाई मनन गर्दै जिल्लागत र क्षेत्रगत रूपमा इतिहास लेख्नु आवश्यक छ ।

(ज) दशवर्षे माओवादी संघर्ष र वि.सं. २०६२/०६३ को जनआन्दोलनको विषयमा पनि पूर्वाञ्चलको शोधकार्य गरी पुस्तक प्रकाशन गरिनु आवश्यक देखिन्छ ।

(३) सामाजिक तथा शैक्षिक इतिहासको खोजी हुनु पर्ने :

(क) नारी मुक्ति आन्दोलनकी अग्रणी तथा विद्रोही महिला योगमायाको सामाजिक सुधार अभियान, विद्रोह र सामूहिक आत्महत्याको विषयलाई खोज गरी सत्य तथ्य सार्वजनिक गरिनु पर्छ ।

(ख) महागुरु फाल्गुनानन्द लिङ्देनको जातीय, धार्मिक र समाजिक सुधारको विषयमा खोजी हुनु पर्दछ । यिनले वि.सं. १९८८ साल वैशाख २४ गते पाँचथरमा १७ थुम र १४ याकथुम्बा प्रतिनिधि बोलाएर सर्वसाधारणको समेत उपस्थिति गराई सामाजिक सुधारको विषयमा छलफल गराएका थिए । यो भेलाले 'सत्य धर्मको मुचुल्का' पास गरी कुरीति उन्मूलनको प्रयास गरेको थियो (काँइला, २०४६ : ४४) ।

(ग) भोजपुर दिङ्लाका बालागुरु षडानन्द अधिकारीले दिङ्लालाई पूर्वको माात्र नभएर छिमेकी मुलुक भारत र भुटानको लागि शैक्षिक केन्द्रको रूपमा विकसित गरेका थिए । त्यसैले बालागुरुको संस्कृत शिक्षा र पछि सुरु भएको आधुनिक शिक्षाका विषयमा पनि जिल्लागत र क्षेत्रगत रूपमा अनुसन्धान गरिनु पर्दछ ।

(घ) धरान पिण्डेश्वर मन्दिरको विषयमा केही लेख रचना प्रकाशित भएको भएपनि यो अपर्याप्त देखिन्छ ।

(ङ) पूर्वाञ्चल क्षेत्रमा बसोबास गर्ने थारू, राजवंशी, धिमाल, मेचे, राई, लिम्बू आदिलाई आधार बनाएर ऐतिहासिक आधारमा शोधकार्य गरिनु पर्दछ ।

(४) पूर्वाञ्चलको आर्थिक इतिहास आउनु पर्ने :

लिम्बूवान क्षेत्रमा प्रचलित किपट प्रथाको विषयमा शोधकार्य भए पनि खम्बुवान क्षेत्रको किपट प्रथाका बारेमा शोधकर्ताहरूको त्यति ध्यान गएको पाइँदैन । अर्को कुरा पूर्वाञ्चल क्षेत्रका ब्राह्मण र अन्य व्यक्तिहरूलाई मल्ल र सेन शासकहरूका साथै पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले समेत समयसमयमा बिर्ता दिएका कागजपत्र पाइएकाले पूर्वाञ्चल क्षेत्रमा बिर्ता प्रथाका बारेमा पर्याप्त शोधकार्यको सम्भावना देखिन्छ । यसका साथै सो क्षेत्रमा विद्यमान गुठी व्यवस्थाका बारेमा पनि आवश्यक अनुसन्धान हुनु जरुरी देखिन्छ ।

**उपसंहार**

क्षेत्रीय इतिहास लेखनको सन्दर्भमा पूर्वाञ्चल क्षेत्रको इतिहास नितान्त सुरुवातको अवस्थाबाट गुज्रिरहेको छ । यस क्षेत्रको पूर्ण इतिहास लेखनको लागि निकै ठूलो त्याग र तपस्याको जरुरत छ । हाल भइरहेका कामहरू त्यति उत्साहप्रद नभए पनि लक्ष्य प्राप्तिको दिशामा बढाइएका सकारात्मक कदमहरू हुन् भन्ने कुरामा दुईमत छैन । अब हुने शोध वा भविष्यमा लेखिने इतिहासले पूर्वाञ्चल क्षेत्रको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि पक्षहरूलाई उचित स्थान दिने छ भन्ने अपेक्षा गर्न सकिन्छ । हालसम्म लेखिएका पुस्तक र शोधकार्यहरू अपूर्ण छन् भने पनि ती विषयमा थप शोध कार्यलाई अगाडि बडाउनु आवश्यक छ । इतिहासकार र शोधकर्ताले यथार्थ र वस्तुनिष्ठ भएर शोधकार्य गरेमा पूर्वाञ्चल क्षेत्रको वास्तविक इतिहास जनसमक्ष आउने छ । समग्रमा राष्ट्रियताको प्रवर्द्धनमा क्षेत्रीय इतिहासको महत्त्वलाई आत्मसात् गर्दै वर्तमान देशको अपूरो इतिहासलाई पूरा गर्न पूर्वाञ्चल क्षेत्रका इतिहासकार र बुद्धिजीवी मात्र हैन सिङ्गो राष्ट्र नै लाग्नु अपरिहार्य देखिन्छ ।

**सन्दर्भ कृतिसूची**

अर्याल, ऋषिराम (२०४२). *माझकिरात.* त्रिवेणी छापाखाना, भोजपुर ।

काँइला, बिरही (२०४६). *लिम्बू भाषा र साहित्यको संक्षिप्त परिचय.* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौँ ।

कार्की, गोविनदमानसिंह (२०६५). *वि.सं. २००७ सालको जनक्रान्तिमा भोजपुर.* नारदमुनि थुलुङ स्मृति परिषद्, काठमाडौँ ।

कोइराला, मातृकाप्रसाद (२०४६). *कोशीको कथा.* प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर ।

खतिवडा, सोमप्रसाद (२०६०). वाराहक्षेत्रको सांस्कृतिक संम्पदा (विद्यावारिधि शोधग्रन्थ). मानविकी तथा सामाजिक शास्त्र डीन कार्यालय, काठमाडौँ ।

चेम्जोङ, इमानसिंह (१९७४). *किरातकालीन विजयपुरको इतिहास*. इमानसिंह चेम्जोङ, दार्जिलिङ ।

दास, हरिकान्तलाल (२०५६). *सप्तरीको राजनीतिक इतिहास तथा प्रमुख धार्मिक स्थलहरू.* साझा पुस्तक भण्डार, राजविराज ।

नेपाल, ज्ञानमणि (२०४०). *नेपाल निरुक्त.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ ।

प्रपन्नाचार्य, स्वामी (२०५१). *प्राचीन किरात इतिहास.* किरातेश्वर प्रकाशन, वाराणसी ।

भट्टराई, गोपालप्रसाद (२०६२). *धनकुटा छिन्ताङको इतिहास.* हिमादेवी बस्नेत, धनकुटा ।

मिश्र, तारानन्द (२०५४). "पूर्वीनेपालको इतिहास र गौरव गाथाहरू". *मोरङ एक परिचय.* सम्पर्क मञ्च नेकपा एमाले, काठमाडौँ ।

म्याकडगल, चार्ल्स (१९७९). *द कुलुङे राई अ स्टडी इन किनसिप एन्ड म्यारिज एक्सचेञ्ज.* रत्न पुस्तक भण्डार, काठमाडौँ ।

रायमाझी, रामचन्द्र (२०६२). "मोरङको प्राचीनता र ऐतिहासिकता". *अन्वेषण.* इतिहास तथा संस्कृति विभाग स्नातकोत्तर क्याम्पस, विराटनगर ।

राई, ध्रुवदेव (२०६४). *२००७ सालमा भोजपुर.* नारदमुनि स्मृति परिषद, काठमाडौँ ।

रेग्मी, डिल्लीरमण (१९६१). *मोडर्न नेपाल.* भोलम एक.के.एल.मुखोपाध्याय, कलकत्ता ।

शाक्य, भरतकुमार (२०५६). २००७ सालको क्रान्ति र चैनपुर. चैनपुर साहित्य सङ्गम, चैनपुर ।

शर्मा, जनकलाल (२०२०). *जोसमनी सन्त परम्परा र साहित्य.* साझा प्रकाशन, काठमाडौँ ।